# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति :२०८०।०४।१९

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सदस्य हरिप्रसाद रिजालको ४३ वर्षको अल्पायुमै हृदयघातका कारण भएको असामयिक निधनको खबरले नेपाल पत्रकार महासंघ स्तब्ध र दु:खी भएको छ । पत्रकार रिजालको साउन १९ गते बिहान २:०० बजे हृदयघातका कारण काठमाठौंमा निधन भएको हो । स्वर्गीय रिजाल आर्थिक राष्ट्रिय दैनिकका संस्थापक सम्पादक अग्रज पत्रकार प्रल्हाद रिजालका सहोदर भाइसमेत हुनुहुन्थ्यो ।

धादिङको निलकण्ठ नगरपालिका-६ सुनौलो बजारमा जन्मेका रिजाल काठमाडौंमा रही पत्रकारितामा सक्रिय हुनुहुन्थ्यो । पछिल्लो समय आर्थिक राष्ट्रिय दैनिकको सम्पादन समुहमा कार्यरत रहेका रिजालको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक जुझारु र उर्जाशील युवा पत्रकार गुमाएको छ भने महासंघले सक्रिय सदस्य गुमाएको छ । स्वर्गीय रिजालका श्रीमती र एक छोरी हुनुहुन्छ ।

महासंघ स्वर्गीय पत्रकार रिजालप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना व्यक्त गर्दछ ।

रोसन पुरी
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org